## सेन्टर फर डेमोक्रेटिक ईन्जिनियर्स नेपाल, निर्वाचन समिति २०८२

आठौ केन्द्रीय कार्यकारिणी समिति, तेस्रो प्रदेश कार्यकारिणी समितिको निर्वाचनको लागि निर्वाचन समितिद्वारा जारी गरिएको निर्वाचन निर्देशिका एवं आचार संहिता २०८२

१. निर्वाचन अवधिभर दैनिक कार्यालय संचालन, बैठक, बाहेक सिडेनले आफ्नै आयोजनामा कुनै पनि सभा सम्मेलन सेमिनार इत्यादिको आयोजना गर्न पाईने छैन ।

२. सिडेनको कार्यालय परिसरभित्र निर्वाचन सम्बन्धी कुनै प्रकारको प्रचार प्रसार गर्न पूर्णरूपमा बन्देज गरिएको छ ।

३. **मतदाताले मतदानमा भाग लिन CDEN वा NEA को परिचयपत्र (Hard वा Digital copy) र नागरिकता पासपोर्ट, राष्ट्रिय परिचयपत्र, निर्वाचन आयोगले जारी गरेको मतदाता परिचय पत्र,सवारी चालक अनुमति पत्र,नेपाल इन्जिनीयरिङ परिषद बाट जारि परिचय पत्र  हरु मध्ये कुनै एउटा सक्कल परिचयपत्र देखाई मतदान गर्न पाइने छ ।**

४ मतदाताहरूलाई  प्रभाव पार्ने गरी मतदान स्थल मतदान स्थलको वरपर निर्वाचन प्रचार प्रसारको क्रममा भित्ते लेखन गर्न तथा तुल व्यानर पम्प्लेट टाँस गर्न र डिजिटल प्रचार सामाग्री डिस्प्ले गर्न पाइने छैन ।

५. मतदान शुरू हुनु भन्दा १२ घण्टा अगाडी अर्थात **२०८२।०५।१३** राती ८ बजे देखि उम्मेदवारले सामूहिक / व्यक्तीगत रुपमा निर्वाचनको प्रचार प्रसार गर्न पाउने छैनन् ।

६. मुलुकभर तोकिएका मतदान स्थलहरुको कम्पाउण्ड एवं घेराभित्र निर्वाचन समितिका पदाधिकारी र मतदान अधिकृतहरूको लागि सवारी साधनको पार्किङ्गको व्यवस्था गरिनेछ । उम्मेदवार र मतदाताहरूको लागि  सवारी साधनको पार्किङ्गको व्यबस्थाको जिम्मेवारी स्वयमको हुनेछ ।

७ मतदान कार्य पूर्ण रूपमा निष्पक्ष, मर्यादित, शिष्ट र शान्तिपूर्ण हुने कुरामा सबै उम्मेदवार तथा मतदाताहरूलाई निर्वाचन समिति विश्वास दिलाउन चाहन्छ र यस कार्यमा सवैको सक्रिय सहयोगको अपेक्षा राख्दछ ।

८. निर्वाचनमा सहभागी उम्मेदवारहरू वा तिनका समर्थकहरुले समाजिक सञ्जाल लगायत अन्य कुनै माध्यमबाट एक आपसमा व्यक्तिगत आरोप प्रत्यारोप र अनर्गल प्रचार प्रसार गर्न गराउन बन्देज गरिएको छ । त्यस्तो कुनै प्रचार प्रसारको सामाग्रीका बारेमा उजुरी परेमा छानवीन गरी त्यस्तो विषयवस्तुलाई निर्वाचन समितिले हटाउन निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्ने दायित्व सबै उम्मेदवारहरुको हुनेछ ।

९. उम्मेदवारहरूले मतदाताहरूसँग अनुशासित, शान्त, शिष्ट र मर्यादित व्यवहार देखाउनु पर्नेछ । उम्मेदवारहरु तथा मतदाताहरूले मतदान स्थलमा आ आफ्नो मताधिकारको प्रयोग गर्दा शान्त, शिष्ट, मर्यादित तथा अनुशासीत तवरबाट गर्नुपर्नेछ । उम्मेदवारहरू र निजका समर्थकहरूले मतदान हुने दिन मतदान स्थलमा होहल्ला गर्ने, हुटिङ्ग गर्ने तथा नारावाजी गर्ने जस्ता उश्रृङ्खल कार्यहरू गर्न निर्वाचन समितिद्वारा पूर्णतः बन्देज गरिएको छ । मतदान स्थल परिसरमा मतदाताहरूलाई असुविधा र असहज हुने गरी उत्ताउलो, भडि्कलो तथा गैर जिम्मेवार तरिकाबाट प्रचार प्रसार गर्न पूर्णत रोक लगाइएको छ ।

१०. मतदानका बखत आइपर्ने कुनै पनि विवादको समाधान गर्ने जिम्मा प्रमुख मतदान अधिकृतको हुनेछ  प्रमुख मतदान अधिकृत र मतदान अधिकृतले प्रयास गर्दा पनि समस्या समाधान गर्न नसकेको खण्डमा निर्वाचन समितिको निर्णयले विवाद समाधान गर्नेछ ।

११ मतदान गर्ने स्थलमा मतदाताहरुले मोवाइल, क्यामेरा इत्यादिको प्रयोग गरेको पाइएमा प्रयोग गरेको सामान जफत हुन सक्नेछ ।

१२. मतदान केन्द्रमा उम्मेदवारहरू मध्येबाट एक पटकमा बढिमा ५ जनासम्म मात्र मतदाता नामावली रुजु गर्ने स्थानसम्म जान पाउनेछन् ।

१३ मतदान स्थल तथा मतगणना स्थलमा मद्यपान गरेर आउन पूर्ण रुपमा बन्देज गरिएको छ। मद्यपान गरेको आशंका लागेमा तत्काल मतदान स्थल तथा मतगणना स्थलबाट बाहिर पठाउन निर्देशन गरिनेछ ।

१४. सम्वन्धित मतदान केन्द्रका प्रमुख मतदान अधिकृत र मतदान अधिकृतहरूले निष्पक्ष र पारदर्शी रूपमा निर्वाचन सम्पन्न गराउनेछन । मतदान प्रकृयाको सिलसिलामा कुनै विवाद उत्पन्न भएमा उम्मेदवार वा उम्मेदवारको आधिकारिक प्रतिनिधिहरूको रोहवरमा लिखित सहमती गरि विवादको निरुपण गर्न प्रयास गरिने छ । सहमतिको आधारमा विवाद समाधान हुन नसके केन्द्रिय निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ ।

१५. मतदानको समय विहान ८:०० बजे देखि बेलुकी ६:०० बजे सम्म तोकिएको छ । निर्वाचन समितिले तोकेको मतदान केन्द्रमा मतदान हुने दिन साझ ६:०० बजे भित्र मतदान केन्द्र परिसरमा प्रवेश गरिसकेका मतदाताहरूले मतदानमा भाग लिन पाउने छन् ।

१६. अन्तिम मतदाता नामावलीमा नाम नभएका लाई मतदानको अधिकार हुने छैन ।

१७. कागजी मतपत्रको प्रयोग हुने मतदान केन्द्रमा सम्बन्धित मतदान अधिकृतले हस्ताक्षर गरेको मतपत्र मात्र मत गणनामा मान्य हुनेछ भने विद्युतिय भोटिङ मेसिनको प्रयोग हुने मतदान केन्द्रमा सम्वन्धित मतदान अधिकृतको हस्ताक्षर भएको टोकन संख्यालाई मात्र मतगणनामा मान्य हुनेछ । निर्धारित समयमा मतगणना शुरू हुन नसक्ने अवस्था भएमा सो को सूचना प्रमुख मतदान अधिकृतले यथाशीघ्र सम्बन्धित निर्वाचन समिति समक्ष पेश गर्नु पर्नेछ । मतदान तथा मतगणनामा प्रयोग गरिएका सक्कल hard copy कागजात, मतपत्रहरु तथा टोकनहरू सुरक्षित तवरबाट खाम बन्दिगरी हुलाक, कुरियर, कार्गो वा अन्य आधिकारीक साधनमार्फत तथा Soft Copy जतिसक्दो छिटो इमेल मार्फत निर्वाचन समिति समक्ष पठाउनु पर्नेछ । **कस्तो मतपत्रलाई सदर मान्ने र कस्तोलाई वदर मान्ने भन्ने विषय उपस्थित उम्मेदवार वा निजका आधिकारिक प्रतिनिधिहरूको रोहवरमा निर्वाचन समितिले र मतदान अधिकृतले प्रकृया र विधिको लिखित सहमति गराई निर्णय गरिनेछ ।**

१८. काठमान्डौ बाहीरका सम्पुर्ण मतदान केन्द्रमा भएको केन्दीय कार्यकारिणी समितिको मतगणना सम्पन्न भई परिणाम कन्द्रिय निर्वाचन समितिलाई प्राप्त भए पश्चात मात्र काठमान्डौ मतदान केन्द्रको मतगणना कार्य शुरु गर्ने गरिनेछ । **प्रदेश समितिको अन्तिम परिणाम सम्बन्धित प्रदेश निर्वाचन समितिले घोषणा गर्नेछ र कन्द्रीय समितिको मतगणनाको अन्तिम परिणाम घोषणा केन्द्रीय निर्वाचन समितिले गर्नेछ तर विषम परिस्थिती परेमा केन्द्रीय निर्वाचन समितिले आवश्यक निर्णय लिनेछ ।**

१९. निर्वाचन कार्यलाई स्वतन्त्र, निष्पक्ष, मितव्ययी र कम खर्चिलो हुने गरी निर्वाचन सुसम्पन्न गर्ने दायित्व निर्वाचनमा सहभागी सबै पक्षको हुनेछ ।

२०. निर्वाचन समिति वा मतदान केन्द्रको मतदान अधिकृतले आवश्यकतानुसार सहायक मतदान अधिकृतहरू तथा थप कर्मचारीको नियुक्ति गर्न सक्नेछन् ।

२१ यस निर्वाचन निर्देशिका तथा आचार सहिंतामा उल्लेख नभएका विषयमा कुनै समस्या वा विवाद आइपरेमा निर्वाचन समितिले समस्या समाधान गर्नेछ ।

माथि उल्लेखित बुँदाहरू वाहेक अन्य कुनै समस्या परेमा वा थप जानकारी आवश्यक भएमा केन्द्रिय निर्वाचन समितिका निम्न पदाधिकारीहरूसंग प्रमुख मतदान अधिकृत र मतदान अधिकृतहरूले सम्पर्क गर्न सकिनेछ ।

Central Election Committee 2082

केन्द्रीय निर्वाचन समिति:

| | |
|---|---|
| श्री.इ. डा. कृष्ण राज पाठक | ९८५१३२६०६७ |
| श्री इ. सन्जय अधिकारी | ९८५११६०१०३ |
| श्री इ. राजेन्द दुलाल | ९८५११०५८५८ |
| श्री इ. ईश्वर पोखल | ९८५११६४०४२ |
| श्री इ. प्रकाश बुढा | ९८५१२२२३५८ |